# विषयगत प्राविधिक कार्य समूह (Thematic Technical Working Group)

## कार्यान्वयन कार्यविधि-२०७४

नेपाल सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

## विषयगत प्राविधिक कार्य समूह (Thematic Technical Working Group)कार्यान्वयन कार्यविधि-२०७४

### खण्ड १. पृष्ठभूमि

कृषि विकास रणनीतिको कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले विशिष्टिकृत बाली वस्तुहरुको मूल्य शृंखलामा कार्य गर्दै आएको परिप्रेक्ष र परियोजनाको बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने भन्ने उद्देश्यको मर्म अनुसार बाली वस्तु विशेषको सम्बन्धित मूल्य शृंखलामा कार्यरत गैह्सरकारी र निजी क्षेत्रका सरोकारवाला समेतको संलग्नतामा अनुसन्धान, प्रविधि विकास तथा प्रसार कार्यमा अनुभव आदान प्रदान, लक्ष्य प्राप्तीका लागि एकीकृत प्रयास र प्राविधिक सक्षमतामा सहयोग पुर्‍याउन एवं बाली वस्तुहरुको प्राविधिक पृष्ठपोषण, बाली वस्तुको मूल्य शृंखलामा कार्यान्वयनमा रहेका पकेट, ब्लक, जोन तथा सुपरजोन बीच अन्तरसम्बन्ध स्थापित गरी सम्भाव्यता तथा प्राथमिकताका आधारमा क्रमशः विशिष्टिकृत बाली वस्तुको समूहगत वर्गीकरण गरी विषयगत प्राविधिक कार्य समूह (Thematic Technical Working Group) व्यवस्था गर्न कार्यगत विवरण तथा सञ्चालन गर्ने आधार सहितको कार्यविधि तयार गर्न परियोजना कार्यान्वयन समितिको मिति २०७४/०६/२६ को निर्देशन बमोजिम **"विषयगत प्राविधिक कार्य समूह (Thematic Technical Working Group) कार्यान्वयन कार्यविधि-२०७४"** तयार गरी लागु गरेको छ ।

### खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यविधिको नाम **विषयगत प्राविधिक कार्य समूह (Thematic Technical Working Group) कार्यान्वयन कार्यविधि-२०७४** रहेको छ ।

२.२ यो कार्यविधि आ.ब. २०७४/७५ बाट लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

(ख) "सुपर जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको तोकिएको बाली/वस्तुमा न्यूनतम १००० हेक्टरमा संचालन भएको कृषि औद्योगिक क्षेत्र सम्झनु पर्दछ ।

(ग) "जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको र तोकिएको बालीमा न्यूनतम ५०० हेक्टरमासंचालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र सम्झनु पर्दछ ।

२०७४।१२।०५

(घ) "ब्लक" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम १०० हेक्टरमा संचालन भएको व्यवसायिक कृषि उत्पादन केन्द्र सम्झनु पर्दछ ।

(ङ) "विषयगत प्राविधिक कार्य समूह (Thematic technical working group)" भन्नाले परियोजनाले निर्दिष्ट गरेका विभिन्न मूल्य शृंखलाका बाली वस्तुहरुको प्राविधिक पृष्ठपोषण, बाली वस्तुको मूल्य शृंखला कार्यान्वयनमा रहेका पकेट, ब्लक, जोन तथा सुपरजोन बीच अन्तरसम्बन्ध स्थापित गरी सम्बन्धित मूल्य शृंखलामा कार्यरत सरकारी, गैह्रसरकारी र निजी क्षेत्रका सरोकारवाला समेतको संलग्नतामा बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत अनुसन्धान, प्रविधि विकास तथा प्रसार कार्यमा अनुभव आदान प्रदान, लक्ष्य प्राप्तीका लागि एकीकृत प्रयास र प्राविधिक सक्षमतामा सहयोग पुऱ्याई सम्बन्धित बाली वस्तुको उत्पादन, उत्पादकत्व र गुणस्तर बढाउने कार्यमा समर्पित सम्बन्धित बाली वस्तु वा बाली वस्तुको समूहमा कार्यरत संस्थागत प्रतिनिधित्व गर्ने विशिष्ट प्राविधिक समूह सम्झनु पर्दछ ।

(च) "मूल्य शृंखला" भन्नाले परियोजनाले निर्दिष्ट गरेका विभिन्न बाली वस्तुहरुको उत्पादन देखि उपभोग्य अवस्था सम्मका विभिन्न कार्य शृंखलाहरु जहाँ एक पछि अर्को तहमा लागत र संलग्नता थप भई मूल्य अभिबृद्धि हुँदै जाने समष्टिगत स्वरुपलाई सम्झनु पर्दछ ।

(छ) "गैह्रसरकारी सरोकारवाला" भन्नाले परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुहरुको क्षेत्रमा सकृय रुपमा काम गरी योगदान पुऱ्याई रहेका राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ज) "निजी सरोकारवाला" भन्नाले परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुहरुको क्षेत्रमा सकृय रुपमा काम गरी योगदान पुऱ्याई रहेका निजी लगानीका संस्थाहरुलाई सम्झनु पर्दछ ।

(झ) "एकीकृत प्रयास" भन्नाले परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुहरुको उत्पादन, उत्पादकत्व र गुणस्तर बढाउने कार्यमा ज्ञान, सिप, प्रविधि, लगानी, उत्पादन सामाग्री तथा अनुगमन मध्ये कुनै एक वा सो भन्दा बढीमा सकृय रुपमा संलग्न रही समग्रमा पुऱ्याएको योगदानलाई सम्झनु पर्दछ ।

(ञ) "प्राविधिक सक्षमता" भन्नाले परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुहरुको उत्पादन, उत्पादकत्व र गुणस्तर बढाउने कार्यमा संलग्न प्राविधिक जनशक्तिको ज्ञान, सिप र क्षमता अभिबृद्धि गरी सक्षम तुल्याउने अवस्थालाई सम्झनु पर्दछ ।

(ट) "प्राविधिक अन्तरसम्बन्ध सूची" भन्नाले परियोजना व्यवस्थापन ईकाईबाट तयार एवं अद्यावधिक भएको सम्बन्धित बाली वस्तु वा बाली वस्तुको समूहमा कार्यरत सुपरजोनहरु, जोनहरु, ब्लकहरु र पकेटहरु बिचको कार्यगत अन्तरसम्बन्ध तालिकालाई सम्झनु पर्दछ ।

## खण्ड ३. उद्देश्य

३.१ विषयगत प्राविधिक कार्य समूहका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्-

(क) परियोजनाले कार्य गर्दै आएको विशिष्टिकृत बालीहरुको मूल्य शृंखलाका बाली वस्तुहरुको प्राविधिक पृष्ठपोषण गर्नु,

(ख) परियोजनासँग सम्बन्धित बाली वस्तुको मूल्य शृंखला कार्यान्वयनमा रहेका पकेट, ब्लक, जोन तथा सुपरजोन बीच कार्यमूलक अन्तरसम्बन्ध स्थापित गर्नु,

(ग) परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुहरुको उत्पादन, उत्पादकत्व र गुणस्तर बढाउन एकीकृत प्रयास र प्राविधिक सक्षमता बृद्धि गर्नु,

(घ) परियोजनाले परिकल्पना गरेका लक्ष्य प्राप्तिको क्षेत्रमा बहुसरोकारवाला निकायहरु बीच कार्यमूलक संलग्नतामा अनुसन्धान, प्रविधि विकास तथा प्रसार कार्यमा अनुभव आदान सुनिश्चित गरी प्रभावकारी सेवा प्रवाह गर्ने ।

## खण्ड ४. विषयगत प्राविधिक कार्य समूह गठन तथा काम कर्तव्य र अधिकार

४.१ परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुहरु मध्ये कुनै एक वा एक भन्दा बढी बाली वस्तुहरुको एकल वा बाली वस्तुहरुको मिल्ने समूह बनाई विषयगत प्राविधिक कार्य समूह गठन गर्न सकिनेछ । उक्त बाली वस्तुको क्षेत्रमा काम गरिरहेका सुपरजोनहरु, जोनहरु, ब्लकहरु, पकेटहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरु, निजी लगानीका संस्थाहरु, कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद र अन्तर्गतका सम्बन्धित अनुसन्धान केन्द्रहरु र सम्बन्धित फार्म केन्द्रहरु यस समूहका साधारण सदस्य रहनेछन् । परियोजना व्यवस्थापन ईकाईको प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखाले साधारण सदस्यहरुको सूची तयार र अद्यावधिक गर्नेछ । विषयगत प्राविधिक कार्य समूहलाई वस्तुनिष्ठ र कार्यमूलक बनाउन देहाय अनुसारको संचालन तथा अनुगमन समिति गठन गरिनेछ:

| | |
|---|---|
| १. प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा प्रमुख | संयोजक |
| २. परियोजनाका फोकल प्वाइन्ट, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| ३. सम्बन्धित बाली वस्तुको मूल्य शृंखलामा निकटतम रहेर काम गरिरहेका राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरु मध्ये एक | सदस्य |
| ४. परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुहरुको क्षेत्रमा सकृय रुपमा काम गरी योगदान पुऱ्याई रहेका निजी लगानीका संस्थाहरु मध्ये एक | सदस्य |
| ५. प्रतिफल मूल्याङ्कन शाखा प्रमुख | सदस्य |
| ६. योजना तथा समन्वय शाखा प्रमुख | सदस्य |
| ७. सम्बन्धित बाली/बालीहरुको मिल्ने समूह मध्ये सबै भन्दा ठूलो क्षेत्रफलमा | |

कार्यरत परियोजना कार्यान्वयन ईकाई (सुपरजोन/जोन) का बरिष्ठ कृषि अधिकृत सदस्य-सचिव

परियोजना निर्देशकको सहमतीमा संयोजकले आवश्यकता अनुसार आमन्त्रित सदस्यहरु थप गर्न सक्नेछ ।

४.२ यस संचालन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छन्-

क) परियोजना व्यवस्थापन ईकाईबाट तयार एवं अद्यावधिक भएको सम्बन्धित बाली वस्तु वा बाली वस्तुको समूहमा कार्यरत सुपरजोनले जोनहरुको, जोनले ब्लकहरुको र ब्लकले पकेटहरुको प्राविधिक अन्तरसम्बन्ध सूची अनुसारको प्राविधिक प्रतिवेदन तयार गर्न लगाउने ।

ख) प्राविधिक अन्तरसम्बन्ध सूची अनुसार परियोजनाको उद्देश्य प्राप्तिका लागि उत्पादन, उत्पादकत्व र गुणस्तर बृद्धिको लक्ष्य तोक्ने ।

ग) उत्पादन लागत घटाउन यान्त्रीकरण, उत्पादन प्रविधि, उत्पादन सामाग्री, कृषि ऋण, बाली बीमा आदिको अवस्था बारे छलफल गरी परियोजना व्यवस्थापन ईकाईमा सिफारिस गर्ने ।

घ) सम्बन्धित बाली वस्तुको उत्पादन, उत्पादकत्व र गुणस्तर बृद्धि गर्न कृषक/कृषि व्यवसायीको क्षमता अभिबृद्धि एवं समस्या समाधानको लागि प्राविधिक सेवा प्रवाहको समक्षा गर्ने र उपयुक्त उपायहरु सिफारिस गर्ने ।

ङ) नेपाल कृषि अनुसन्धान परिषद, गैह्रसरकारी संस्थाहरु तथा निजी संघ/संस्था जस्ता निकायहरुको कार्यमूलक समन्वय र संलग्नतामा अनुसन्धान, प्रविधि विकास तथा प्रसार कार्यमा अनुभव आदान प्रदान सुनिश्चित गर्ने ।

च) परियोजना व्यवस्थापन ईकाईसँगको समन्वयमा विषयगत प्राविधिक कार्य समूहको बार्षिक कार्यशाला गोष्ठिको व्यवस्थापन गर्ने ।

छ) परियोजना निर्देशकको निर्देशनमा यस सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।

## खण्ड ५. विषयगत प्राविधिक कार्य समूह संचालन

५.१ सम्बन्धित बाली वस्तुको मूल्य शृंखला कार्यान्वयनमा रहेका पकेट, ब्लक, जोन तथा सुपरजोन बीच अन्तरसम्बन्ध स्थापित गरी कार्य सञ्चालन गर्न प्राविधिक अन्तरसम्बन्ध सूची तयार गरी प्रत्येक वर्ष अद्यावधिक गरिनेछ । परियोजना व्यवस्थापन इकाईको प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखाले प्राविधिक अन्तरसम्बन्ध सूची तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्नेछ ।

५.२ प्रत्येक आर्थिक वर्षमा संचालन तथा अनुगमन समितिको तीन वटा बैठक र विषयगत प्राविधिक कार्य समूहको एउटा कार्यशाला गोष्ठि हुनेछ ।

५.३ सदस्य सचिवको भूमिका निर्वाह गर्ने सुपरजोन/जोनले एक आर्थिक वर्षका लागि तीन वटा संचालन तथा अनुगमन समितिको बैठक र एउटा विषयगत प्राविधिक कार्य समूहको कार्यशाला गोष्ठिको व्यवस्थापन गर्नेछ र अन्य सुपरजोन/जोनले विषयगत प्राविधिक कार्य समूहको कार्यशाला गोष्ठिमा भाग लिन जाने आउने व्यवस्था मिलाउने छन् । नेपाल कृषि अनुसन्धान परिषद र अन्तर्गतका सम्बन्धित कृषि अनुसन्धान केन्द्र, सम्बन्धित सरकारी फार्म/केन्द्रहरु, गैरसरकारी संस्थाहरु तथा निजी संघ/संस्थाहरुको सहभागिता सम्बन्धी आवश्यक व्यवस्था संचालन तथा अनुगमन समितिले आपसी समझदारीमा गर्नेछ ।

५.४ संचालन तथा अनुगमन समितिको बैठकले सम्बन्धित बाली वस्तुको उत्पादन, उत्पादकत्व र गुणस्तर बृद्धि गर्ने सवालमा उत्पादन लागत घटाउने, यान्त्रीकरण बढाउने, नविनतम एवं उपयुक्त उत्पादन प्रविधिको पहिचान र प्रवर्द्धन गर्ने, उत्पादन सामाग्रीको सहज उपलब्धता सुनिश्चित गर्ने, सरल कृषि ऋणमा पहुँच बढाउने, बाली बीमा प्रवर्द्धन गर्ने लगायतका विषय उपर छलफल गरी परियोजना व्यवस्थापन ईकाईमा सिफारिस गर्नेछ ।

५.५ सम्बन्धित बाली वस्तुमा काम गर्ने परियोजनाका सम्भागहरु र कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद, गैह्रसरकारी संस्थाहरु तथा निजी संघ/संस्था जस्ता निकायहरुको कार्यमूलक समन्वय र संलग्नतामा अनुसन्धान, प्रविधि विकास तथा प्रसार कार्यको अनुभव-आदान र छलफलबाट आएको निश्कर्ष अनुसार कार्य योजना बनाई कार्य समूहका सदस्य संस्थाहरुले कार्यान्वयन गर्नेछन् ।

५.६ विषयगत प्राविधिक कार्य समूहको गोष्ठिमा परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुहरुको सम्भागगत प्राविधिक अन्तरसम्बन्ध सूची अनुसार परियोजनाको उद्देश्य प्रासिका लागि उत्पादन, उत्पादकत्व र गुणस्तर बृद्धिको अवस्था बारेमा छलफल गरी आएको निश्कर्ष अनुसार कार्य योजना बनाई कार्य समूहका सदस्य संस्थाहरुले कार्यान्वयन गर्नेछन् । ।

५.७ सम्बन्धित बाली वस्तुको उत्पादन, उत्पादकत्व र गुणस्तर बृद्धि गर्न कृषक/कृषि व्यवसायी एवं सो क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिबृद्धि सम्बन्धमा विषयगत प्राविधिक कार्य समूहको गोष्ठिमा छलफल गरी आएको निश्कर्ष अनुसार कार्य योजना बनाई कार्य समूहका सदस्य संस्थाहरुले कार्यान्वयन गर्नेछन् ।

## खण्ड ६. संयुक्त कार्य योजना

६.१ सम्बन्धित बाली वस्तुमा काम गर्ने परियोजनाका सम्भागहरु र कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद, गैह्रसरकारी संस्थाहरु तथा निजी संघ/संस्था जस्ता निकायहरुको कार्यमूलक समन्वय र संलग्नतामा अनुसन्धान, प्रविधि विकास तथा प्रसार कार्यको अनुभव-

आदान प्रदान, सम्भागगत प्राविधिक अन्तरसम्बन्ध सूची अनुसार परियोजनाको उद्देश्य प्राप्तिका लागि उत्पादन, उत्पादकत्व र गुणस्तर बृद्धिको अवस्था एवं कृषक/कृषि व्यवसायी एवं सो क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिबृद्धि लगायतका सवालहरुमा विषयगत प्राविधिक कार्य समूहको गोष्ठिमा छलफल गरी आएको निश्कर्ष अनुसार संयुक्त कार्य योजना बनाई कार्य समूहका सदस्य संस्थाहरुले कार्यान्वयन गर्नेछन् । नयाँ विषयगत प्राविधिक कार्य समूहको निर्माण र पहिलो बैठक प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखाको पहलमा सम्पादन हुनेछ ।

६.२ यो संयुक्त कार्य योजना कार्यान्वयन गर्ने सम्बन्धित सबै संस्थाहरुको दायित्व र जिम्मेवारी हुनेछ र सम्पादित कामको जवाफदेहिता पनि सम्बन्धित संस्थाहरुले नै लिनुपर्नेछ ।

## खण्ड ७. कार्य योजना अनुगमन र मूल्याङ्कन

७.१ कार्य योजना कार्यान्वयन गर्ने सम्बन्धित संस्थाहरुको प्रमुखहरुले नै आ-आफ्नो संस्थाको संचालनमा रहेको र सम्पादित कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

७.२ परियोजनाका सम्भागहरु र सम्भागगत प्राविधिक अन्तरसम्बन्ध सूची अनुसार परियोजनाको उद्देश्य प्राप्तिका लागि उत्पादन, उत्पादकत्व र गुणस्तर बृद्धिको अवस्था एवं कृषक/कृषि व्यवसायी एवं सो क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिबृद्धि लगायतका सवालहरुको कार्य योजना बमोजिमका कार्यहरुको व्यवस्थापन प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखाले गर्नेछ । कार्य योजनाको अनुगमन/मूल्याङ्कन सम्बन्धित बाली वस्तुको उत्पादन, उत्पादकत्व र गुणस्तर बृद्धि गर्ने सवालमा उत्पादन लागत घटाउने, यान्त्रीकरण बढाउने, नविनतम एवं उपयुक्त उत्पादन प्रविधिको पहिचान र प्रवर्द्धन गर्ने, उत्पादन सामाग्रीको सहज उपलब्धता सुनिश्चित गर्ने, सरल कृषि ऋणमा पहुँच बढाउने, बाली बीमा प्रवर्द्धन गर्ने लगायतका विषयहरुलाई जोडेर गरिनेछ ।

७.२ कार्य योजना कार्यान्वयनका सम्बन्धमा संचालन तथा अनुगमन समितिको बैठकमा छलफल हुनेछ ।

७.३ कार्य योजना कार्यान्वयनको अनुगमन र मूल्याङ्कन परियोजना निर्देशकले गर्नेछन् ।

## खण्ड ८. विविध

८.१ यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित नियम कानून बमोजिम हुनेछ ।

८.२ परियोजना कार्यान्वयन समितिले आवश्यकता अनुसार यस कार्यविधिमा परिमार्जन गर्न सक्नेछ ।